गृहपृष्ठ हाम्रो बारे सदस्यहरु सम्पर्क

चैत ११ गते २०७०, मंगलवार | March 25, 201

NEPALI KHABAR
हरेक प्रहर ई-नेपाली खबर
Like 9.7k

Muscle Grow
islington college (इस्लिङ्टन कलेज)
441-2929
442-0054

गृहपृष्ठ अर्थ राजनीति मनोरन्जन खेलकुद अन्तर्राष्ट्रिय शिक्षा सुरक्षा अन्तर्वार्ता समाचार मोफसल ENGLISH CHARITY

Join US facebook
twitter

11
Like

# भारतीय डा. विष्टको अवधारणा नेपालमा अनुकरणीय



कपिल काफ्ले । रघु खकुरेल

काठमाडौं, ५ चैत । एडमण्ड हिलारी माउण्टेन लिगेसी मेडल अवार्डबाट सोमबार राजधानीमा विभूषित भारतीय आरक्षक डा. हर्षवन्ती विष्टको शैली नेपालका लागि अनुकरणीय हुने वातावरण तथा पर्वतीय क्षेत्र प्राकृतिक विकासमा लागेका व्यक्तिहरुको धारणा छ ।

'नेपाल नदीकटान र प्राकृतिक विनासका विभिन्न प्रकोपबाट प्रभावित छ, आर्थिक विकासका लागि पर्यटनलाई सदुपयोग गर्नु हाम्रालागि आवश्यक छ, त्यसैले पुरस्कृत डा. विष्टको शैली नेपालमा अनुकरण गर्नु आवश्यक देखिन्छ' एडमण्ड हिलारी माउण्टेन लिगेसी मेडल अवार्डका अध्यक्ष कुमार मैनालीले मंगलबार राजधानीमा पत्रकार तथा वातावरण संरक्षणवादीहरुको भेलामा आफ्नो धारणा प्रकट गर्नुभयो ।



माउण्टेन लिगेसीका अध्यक्ष कुमार मैनाली (दायाँ) र परियोजना संयोजक डा. सेथ साइक्रोफ

माउण्टेन पावर प्रजेक्ट सञ्चालन गरेर डा. विष्टले भारतको उत्तराखण्डस्थित गंगोत्री नदीलाई नियन्त्रित गर्न उल्लेख्य योगदान दिएपापत उहाँलाई हिलारी अवार्ड प्रदान गरिएको पनि अध्यक्ष मैनालीले जानकारी गराउनुभयो ।

गएको अगष्ट महिनामा उहाँको नाम करिब १ दर्जन निवेदकहरुमध्येबाट छानिएको जानकारी दिदै अध्यक्ष मैनालीले पर्वतीय क्षेत्रको संस्कृति तथा प्रकृति संरक्षणका लागि प्रदान गरिने प्रस्तुत पुरस्कार प्रकृति संरक्षणमा गान्धीवादी चिन्तनलाई अघिबढाएकोले पनि प्रदान गरिएको विश्लेषण गर्नुभयो ।

'एक महिलाले पितृप्रधान संस्कार बोकेको समाजमा जलाधार तथा प्रकृति संरक्षणको विषयलाई गान्धीवादी अवधारणाका साथ अघिबढाएको आफैमा विशेष कार्य हो, त्यसैले यस पटक डा. विष्टलाई हामीले पुरस्कारका लागि योग्य पात्र ठहर गरेका हौं' अध्यक्ष मैनालीको भनाइ थियो ।

उहाँले वार्षिक रुपमै यस प्रकारको पुरस्कार दिने इच्छा भएता पनि सीमित स्रोत–साधनका कारण सो सम्भव नभएको जानकारी पनि दिनुभयो । यस पुरस्कारका लागि स्रोत–साधन जुटाउन सघाउँदै आउनुभएका पिटर हिलारीले आर्थिक पक्ष आवश्यक भए पनि त्योभन्दा बढी भावना र विचार प्राकृतिक स्रोत–साधनको संरक्षणप्रति समर्पित हुनु आवश्यक रहेको जानकारी गराउनुभयो ।



पिटर हिलारी सगरमाथा आरोही विश्वविख्यात प्रथम व्यक्ति सर एडमण्ड हिलारीका छोरा हुनुहुन्छ । सन् १९९० मा बाबु–छोरा एकसाथ सगरमाथा आरोहण गर्ने रेकर्ड पनि बनाएका पिटर बाबुले सुरु गरेको नेपाली शेर्पासँगको सहयात्रालाई अझ मजबुत बनाउन लागिरहनुभएको छ । उहाँ पर्वतारोही नेपाली शेर्पा समुदायसँग विभिन्न संस्थामा विभिन्न रुपमा आवद्ध हुनुहुन्छ ।

न्युजिल्याण्डका नागरिक एडमण्ड हिलारीले २९ मे १९५३ मा नेपाली तेन्जिङ नोर्गे शेर्पाका साथ सर्वप्रथम सगरमाथा आरोहण गर्नुभएको थियो ।

सर एडमण्ड हिलारी माउण्टेन लिगेसी मेडल सन् २००३ मा

लोकप्रिय

एक लाख रुपियाँ पाइएला भनेर कसैले दर्ता गरेको मैले पाइनँ

राईको कञ्चटमा बन्दुक राख्ने माओवादी उनैलाई गुरु मान्न तयार

सिद्धान्तनिष्ठ साथीहरु मात्रै प्राथमिकताम

फर्कमसँगै गाउनुको मजा बेग्लै

मलाई त्यै केटी चाहिन्छ, भत्काइदिन्छु बा खोर…ले बर्बाद गरे !

एमालेमा सडकबाट टिपिएको जमात ५१ प्र

सबै पुरुष बलात्कारी हुन् !

लोकतन्त्रवादी कानुन व्यवसायीको चुनाव: जति गुट वकिलमा त्यति नै तनाव

पार्टी एकीकरण भएपनि सुशील–देउवाबीच भावनात्मक एकता हुन सकेन : केसी

श्रीमती बन्नेहरुलाई मेरो सुझाव छ, श्रीमा कायम राख्नुस्….

नाम्चे सम्मेलनले सर्वसम्मत रुपमा एक प्रस्ताव पारित गरी स्थापना गरेको हो ।

१९८१ मा दुईै महिर्ला साथीका साथ नन्दादेवी सफलताका साथ आरोहण गरेकी डा. विष्टले १९९४ मा सगरमाथा आरोहणको प्रयास गर्नुभएको तर दुई शिविर माथि पुगी फर्किनुभएको इनेपाली खबरलाई बताउनुभयो ।

पत्रकार सम्मेलनमा उहाँले जानकारी गराएअनुसार भारतको उत्तराखण्डस्थित गंगोत्री नदी किनारमा १०औं हजार बिरुवा रोपेर आरक्षण र जीविकोपार्जनका बीच रहेको सम्बन्धका बारेमा स्थानीय जनतालाई सचेत बनाउने काम गरेपछि समाजले उहाँलाई चिनेको हो ।

वृक्षरोपण मात्र नगरी औषधिमा प्रयोग हुने बोटबिरुवा बारेमा पनि स्थानीय जनतालाई जानकारी गराएर आर्थिक पर्यटनलाई पनि साथै अघिबढाएर आर्थिक पक्ष पनि समृद्ध बनाउने दिशामा आफू लागेको उहाँले जानकारी गराउनुभयो ।

डा. विष्टले गोमुख धार्मिक क्षेत्रमा वृक्षोरोपण गरेर हरियाली फर्काउने र धार्मिक पर्यटनलाई पनि समृद्ध बनाउने काममा सफलता हासिल गर्नुभएको छ ।


पिटर हिलारी आर्थिकभन्दा वैचारिक पक्षमा जोड दिने सुझाव दिंदै

पत्रकार सम्मेलनमा माउन्टेन लिगेसीका परियोजना संयोजक डा. सेथ साइक्रफले पनि डा. विष्टले एक महिला भएर प्राकृतिक संरक्षणको दिशामा काम गर्नुभएको पक्षलाई सराहना गर्नुभएको थियो । पर्वतारोही महिला पासाङ शेर्पा र माया शेर्पाले महिला भएर पर्वतारोहण र प्राकृतिक संरक्षणको दिशामा काम गर्दा आफूले भोगेका चुनौतीका बारेमा उल्लेख गर्दै डा. विष्टको सराहना गर्नुभएको थियो ।

डा. विष्टको शैली र संरणवादी चिन्तन नेपालमा पनि आवश्यक रहेको बताउँदै कार्यक्रममा सर्च–नेपालका निर्देशक तथा वातावरण संक्षणविज्ञ दीपक तामाङले सिन्धुपाल्चोक क्षेत्रमा वातावरण संरक्षणका लागि त्यहाँका स्थानीय नागरिकले खेलेका दृष्टान्त पनि प्रस्तुत गर्नुभएको थियो ।

पुरस्कारण वितरण तथा पत्रकार सम्मेलनलगायत कार्यक्रमको संयोजन नेपालस्थित इसिमोडको कार्यालयले गरेको हो ।

## पाठक प्रतिक्रिया


Add a comment...

Also post on Facebook

Posting as Kumar Mainali (Change) Comment


Gyanu Raja Maharjan · Follow · Head Asst & Research Assistant at Central Department of Geography, TU

This is very important message to our community.

Reply · Like · 3 · Follow Post · March 20 at 2:23am

Facebook social plugin

## ईनेपाली खबर परिवार

कपिल काफ्ले
Editor-in-Chief

सर्वज्ञराज नाय
Editor

रमेश दुलाल
Reporter

दीपेन्द्र राई
Reporter

भगवती थापा
Photo-Journalist

विश्व श्रेष्ठ
Reporter

तिलोतम पौडेल
Representative

## साइट म्याप

समाचार
राजनीति
अर्थ वाणिज्य
मोफसल
सुरक्षा गतिविधि
साभार
विविध
शिक्षा
श्वास्थ्य
खेलकुद
साहित्य
English

Find us on Facebook

ENepaliKhabar
Like

9,743 people like ENepaliKhabar.



Facebook social plugin

सम्पर्क
Phone: 977-1-4267448
Email: info@eNepaliKhabar.com
eNepaliKhabar@gmail.com
© 2011 - 2014 eNepalikhabar.cc
All Rights Reserved.